**बागमती प्रदेश सरकार**

## सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समिति

**टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं ।**

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर, काठमाडौंको ३५ दिने लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्ववानको सूचना

**प्रकाशित मितिः २०८२/०४/२५**

सहकारी ऐन २०७६ को दफा ८१ बमोजिम बागमती प्रदेश सरकारबाट सिभिल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड सोल्टीमोडलाई समस्याग्रस्त घोषणा गरी सो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्ने जिम्मा सोही ऐनको दफा ८२ अनुसार गठित यस समिति समक्ष लेखी आएकोले सिभिल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडको बचतकर्ताहरुको बचत रकम फिर्ता गर्ने प्रयोजनार्थ यस सहकारीको नाममा रहेको तपशिलमा उल्लेखित जग्गा समितिले तोकेको न्यूनतम मूल्यमा नघट्ने गरी तपशिलमा उल्लेखित शर्तको अधीनमा रही ३५ (पैतीस) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र आह्ववान गरिएको छ। इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य शिलवन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस समितिको कर्यालयको **Website: www.coopmc.bagamati.gov.np** मा गई हेर्न सक्नु हुनेछ ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्यः**

| क्र.सं. | ज.ध.को नाम थर | ठेगाना | जग्गाको विवरण | | | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. | कि.नं. | क्षेत्रफल/व.मि. | | |
| १ | सिभिल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटीभ लिमिटेड | काठमाडौं, का.म.न.प. | १३ | १३९ | ५२५.९५ | ७५,००,०००/- (पचहत्तर लाख मात्र) प्रति आना | सोल्टीमोड, का.म.न.पा. |

**(ख) शर्तहरुः**

१. माथि उल्लेखित जग्गा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्न बोलपत्र पेश गर्नु पर्नेछ ।

२. ईच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कार्यालय समयमा रु २०००।- बुझाई समितिको कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले ३५ औ दिन कर्यालय खुल्ने समय ५:०० बजेसम्म बोलपत्र पेश गरी सक्नु पर्नेछ । यसरी पेश भएको बोलपत्रहरु भोलिपल्ट २:०० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयमा खोलिने छ । तर बोलपत्रवाला वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न वाधापर्नेछैन ।

४. शिलबन्दी बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम केरमेट नगरी अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र दाखिला गरेपछि त्यसमा कुनै किसिको हेरफर केरमेट गर्न पाइने छैन र बोलपत्र शर्त रहित हुन पर्नेछ ।

५. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, संगठित संस्था वा कम्पनीले इजाजतपत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्बि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित स्वंय उपस्थित हुन पर्नेछ ।

६. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १०% (दश) प्रतिशत रकम राष्ट्रिय बाणिज्य बैंक सिंहदरवारमा रहेको बैंक **खातावालको नाम समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, बैंक खाता नं. १९६०१००००००४९००१** मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

७. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

८. इच्छुक व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीले एक्लै वा सयुक्त उपक्रममार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनु पर्नेछ । यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, संगठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रममा सम्झौता मान्य हुनेछ, साथै सो उपक्रममा सम्झौताको प्रति बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

९. जग्गा सकार गर्ने पक्षले नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने कर तथा दायित्व सम्पूर्ण भुक्तान गर्नु पर्नेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समिति समक्ष रहने छ ।